# नेपाल सरकार

**प्रदेश प्रमुख**
**बागमती प्रदेश**
**हेटौंडा, मकवानपुर**

## मजदूर दिवस, बुद्ध  जयन्ती र उभौली पर्वको शुभकामना सन्देश।

१३७ औं अन्तर्राष्ट्रिय मजदूर दिवस, २५७०औं बुद्ध जयन्ती र उभौली पर्वको अवसरमा बागमती प्रदेश लगायत देश विदेशमा रहनुहुने  सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाईहरुमा सुख, शान्ति र सु-स्वास्थ्यको हार्दिक शुभकामना व्यक्त गर्दछु।  श्रमिकहरुको हक, अधिकार र पेशागत मर्यादा प्रत्याभूत गर्न हरेक अङ्ग्रेजी वर्षको मे १ तारिखमा श्रमिक दिवस मनाउने गरिन्छ। श्रमिक वर्गको निरन्तर मेहनत, लगनशीलता र समर्पणबाट उत्पादनशीलतामा वृद्धि भई राष्ट्रको समृद्धि सुनिश्चित हुन पुग्छ। कुनैपनि राष्ट्रको आर्थिक विकास र समृद्धिको मेरुदण्ड भनेकै श्रमिकहरुको पसिना,सीप र जाँगर हो।

शान्ति र अहिंसाका संवाहक गौतम बुद्धको जन्म, ज्ञान प्राप्ति(बुद्धत्व),र महापरिनिर्वाण भएको  यस विशेष दिनले हामी सबैलाई सत्य, अहिंसा र करुणाको मार्गमा हिड्ने प्रेरणा मिलोस्। विश्वमा व्याप्त द्वन्द्व र अशान्तिका बीच बुद्धका ज्ञान, करुणा र मैत्री भावको सान्दर्भिकता झन् बढेर गएको छ। २५७०औं बुद्ध जयन्तीले हामी सबैको मनमा शान्तिको ज्योति प्रज्वलित गरोस्

आजैका दिन परेको अर्को चाड उभौली पर्व किराँत समुदायको एक महत्त्वपूर्ण महान् चाड हो। यो पर्व विशेष गरी हरेक वर्ष वैशाख शुक्ल चण्डी पूर्णिमाको दिन मनाईन्छ। उभौली पर्व किराँत समुदायको आस्था, प्रकृतिप्रेम र कृषि संस्कृतिको एउटा जीवन्त सङ्गम हो।  यस अवसरमा किराँतीहरुले भूमि माता र आफ्ना पितृहरुको श्रद्धापूर्वक पूजा गर्दै अन्नबालीको रक्षा र राम्रो उब्जनीको कामना गर्छन्। उभौली पर्व नयाँ सिजनको सुरुवात,श्रमको सम्मान र सिर्जनाको उत्सव हो।

अन्त्यमा, यी दिवस र पर्वहरुले सम्पूर्णलाई आफ्नो अधिकारका साथै कर्तव्यप्रति सजग रहदैं मुलुकको आर्थिक-सामाजिक रुपान्तरणमा थप उर्जाका साथ लाग्ने प्रेरणा  प्रदान गरोस् भन्ने अभिप्रायका साथ पुनः मजदूर दिवस, बुद्ध जयन्ती र उभौली पर्वको शुभकामना व्यक्त गर्दछु।

**२०८३ साल वैशाख १८ गते, शुक्रबार**
**ने.सं. ११४६ बछलाथ्व:(पुन्हि) पूर्णिमा**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**